धरान उपमहानगरपालिका

नगर कार्यापालिकाको कार्यालय

# आर्थिक वर्ष २०७५/०७६ को लागि प्रस्ताव गरिएको राजस्व एवम् करका दररेटहरुका सम्बन्धमा ज़ानकारी गराउने उद्देश्यले आयोजित पत्रकार सम्मेलनमा वितरित प्रेस बक्तव्य ।

- मञ्जु भण्डारी (सुवेदी)
कार्यवाहक नगर प्रमुख

आदरणीय पत्रकार मित्रहरु,

धरान उपमहानगरपालिकाले यस नगर र नगरवासीहरुको विकास, समृद्धि र सेवाको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरी रहेको र यसै सन्दर्भमा आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा नगर गौरवका योजना सहित रु. १ अर्ब ८० करोडको बजेट अनुमान गरिएको यहां जानकारी गराउन चाहान्छु । कूल अनुमानको १० प्रतिशत ले आन्तरीक आय प्रक्षेपण गरि रहँदा यस उपमहानगरपालिकाले लागु गरेको कर र अन्य शुल्क तथा दस्तुरका सम्बन्धमा अन्त्यन्तै महंगो हुने गरी बृद्धि गरेको भनि जनमानसमा भ्रम सृजना हुने गरी विभिन्न राजनीतिक दल तथा विभिन्न संघसंस्थाहरुबाट ज्ञापन पत्र दिएको र सो सम्बन्धमा के भएको हो भनी यथार्थ जानकारी गराउने उद्देश्यले यहाँहरु मार्फत सर्व साधारण जनतामा सत्य तथ्य कुरा सूसूचीत गराउन राजस्व एवम् करकार दररेट सहितको निम्नानुसार विवरण जानकारी गराउन चाहान्छु ।

**१. सम्पत्ती कर :** साविकमा एकीकृत सम्पत्ती कर लागु भई कर पुनरावलोकन नभई ७ वर्ष देखि एउटै दरमा कर लागु भई रहेको र नेपाल सरकारले आर्थिक वर्ष २०७५/०७६ को आर्थिक विधेयक मार्फत यो कर खारेज गरी सम्पत्ती कर लागु गरी मालपोत तथा भूमीकर लागु गरेको छ । सम्पत्ती कर घर र घरले चर्चेको जग्गाको मूल्यांकनमा लाग्ने कर हो भने मालपोत तथा भुमीकर खालि जग्गामा (घर बनेर बांकी रहेको वा खालि जग्गामा) लाग्ने कर हो ।यो कर नयां भएको हुंदा विगतको एकीकृत सम्पत्ती करसंग तुलना नहुने हुन्छ । सम्पत्ती करको दर निर्धारण गर्दा एकीकृत सम्पत्ती करकै हाराहारीमा हुने गरी निर्धारण गरिएको र यो कर एकीकृत सम्पत्ती करभन्दा शतप्रतिशतमा वृद्धि नहुने र केही करदाताको कर घटेको दृष्टान्त समेत रहेको जानकारी गराउन चाहान्छु । मालपोल तथा भूमिकर भने नगर क्षेत्रमा विगतमा नलागेको र चालु आर्थिक वर्षमा साविक न.पा.को हकमा प्रतिधुर रु.१०/- र गा.वि.स.का जग्गाको हकमा प्रतिधुर रु. ५/- का दरले निर्धारण गरिएको छ ।

**२. व्यवसाय कर :** व्यवसाय करको दरका सम्बन्धमा स्थानीय राजस्व परामर्श समिति मार्फत समेत सुनसरी उद्योग वाणिज्य संघका पदाधिकारीसंग पटक पटक छलफल गरिएको र प्राप्त राय सुझावलाई आधारमानी केही व्यवसायको हकमा तिर्ने क्षमता र उपयुक्तताको आधारमा कर वृद्धि गरिएको छ । यसबाट कुनै करदाता विशेषलाई विशेष मर्का

नपर्ने धारणा उपमहानगरपालिकाको रहेको छ । यस सम्बन्धमा सुनसरी उद्योग वाणिज्य संघसंग छलफल भई रहेको हुंदा त्यस्तो कुनै मर्का पर्ने गरी कर वृद्धि भएको भए उचित निकासको लागि उपमहानगरपालिका तयार रहेको जानकारी गराउन चाहान्छु ।

**३. घर बहाल कर :** हिंजोसम्म संघीय र स्थानीय सरकारलाई बुझाई रहिएको दर जम्मा १२ प्रतिशत कर हाल उपमहानगरपालिकाले लागु गरेको छ ।बहाल कर निर्धारण गर्दा करदातालाई आफ्नो बहाल रकम घोषणा गर्ने सुविधा दिएको हुंदा यो कर आम्दानीमा आधारीत र आय कर छुटमा आधारीत भएको हुंदा यसबाट कुनै करदाता विशेषलाई मर्का नपर्ने व्यहोरा जानकारी गराउन चाहान्छु ।

**४. सवारी कर :** सवारी कर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार उपहानगरपालिकाले ठेला, रिक्सा, टाँगा, ई-रिक्सा (सिटी सफारी), अटोरिक्सा (टेम्पो) मा लगाउन सक्ने प्रावधान रहेको तर हालसम्म ई-रिक्सा र अटो रिक्साको दर्ता, नविकरण, रुट ईजाजत लगायतको कार्य यातायात व्यवस्था कार्यालयले नै गरी रहेको हुंदा यो कर कार्यान्वयनमा नआएको र पटके सवारी करको सट्टामा पूर्वाधार उपयोग (सडक) सेवा शुल्क साविककै दररेट अनुसार उठाई रहेको र दरमा कुनै वृद्धि नगरीएको ।

**५. पार्कीङ शुल्क :** यो शुल्कको दरमा कुनै परिवर्तन गरिएको छैन ।

**६. मनोरन्जन कर :** यो कर प्रदेश सरकारले उठाउने व्यवस्था भएकोले यो कर सिनेमा हलमा लागु नगरीएको ।

**७. विज्ञापन कर :** सार्वजनिक रुपमा आफ्नो उत्पादन तथा सेवाको प्रचार प्रसारको लागि गरिने विज्ञापनका साधनहरुमा विज्ञापन करको दर केही वृद्धि गरीएको छ ।

**८. जडिबुटि, जिवजन्तु तथ कवाडी कर :** यो कर नयाँ करको रुपमा उपमहानगरपालिकाले लागु गरेको र यसको दररेट जिल्ला समन्वय समिति र प्रदेश सरकारले निर्धारण गरेको दररेटलाई नै आधारमानी निर्धारण गरिएको छ ।

**९. वहाल विटौरी :** यो कर साविकमा लाग्दै आएको रु. १० लाई रु. १२/-, रु.१५/- लाई रु. २०/-, रु. २०/- लाई रु. २५/- र गाडीमा डुलाएर माईक लगाई वा नलागाडी सामान विक्रि गर्दै हिंडने घुमवा व्यापारीलाई रु. ५०/- कर लागु गरिएको छ ।

**१०. पशुहाट सेवा शुल्क :** यो शुल्कको दररेटमा कुनै परिवर्तन गरीएको छैन ।

**११. अव्यवस्थित वसोवास व्यवस्थापन शुल्क :** यो शुल्कको दररेटमा कुनै परिवर्तन गरीएको छैन ।

**12. कान्जी हाउस शुल्क :** यो शुल्कको दररेटमा कुनै परिवर्तन गरीएको छैन ।

**१३. उपकरण उपयोग शुल्क :** यो शुल्कको दररेटमा कुनै परिवर्तन गरीएको छैन ।

**१४. सभागृह भाडा :** यसको दररेटमा कुनै परिवर्तन गरीएको छैन ।

**१५. बहुउद्येश्यि पसल भवन :** यसको दररेटमा कुनै परिवर्तन गरीएको छैन ।

**१६. पालिका बजारको स्टल भाडा :** यसको दररेटमा २० प्रतिशतले बृद्धि गरीएको छ ।

**१७. सरसफाई सेवा शुल्कको दर :**

**क) व्यवसायको हकमा सरसफाई सेवा शुल्कको दर :**

१. दैनिक सेवा पुगेको क्षेत्रमा वार्षिक रु. ६००/- बाट रु. ७००/- बनाईएको ।

२. हप्तामा १ पटकसम्म सेवा पुगेको क्षेत्रमा रु. ४००/- बाट रु. ५००/-

३. पाक्षिक वा मासिक रुपमा सरसफाई सेवा पुगेको क्षेत्र वार्षिक रु. २५०/- बाट रु. ३००/-

४. अन्यको हकमा परिवर्तन नगरिएको ।

**ख) घरहरुमा लाग्ने सरसफाई सेवा शुल्कको दर :**

१. दैनिक सेवा पुगेको क्षेत्रमा वार्षिक न्यूनतम् रु. ३६५/- बाट रु. ४००/- बनाईएको ।

२. हप्तामा २ पटकसम्म सेवा पुगेको क्षेत्रमा न्यूनतम् रु. २५०/- बाट रु. ३००/-

३. हप्तामा १ पटकसम्म सेवा पुगेको क्षेत्रमा न्यूनतम् रु. १५०/- बाट रु. २००/-

४. महिनामा १ पटकसम्म सेवा पुगेको क्षेत्रमा न्यूनतम् रु. १००/-

**१८. न्ययिक समिति दस्तुर :** यसमा सम्बन्ध विच्छेद सिफारीश दस्तुर रु. १०००/- बाट १५००/- बनाईएको (हाल सिफारीश नचाहिने व्यवस्था भएको) । अन्यको हकमा कुनै परिवर्तन नगरिएको ।

**१९. सार्वजनिक शौचालय उपयोग सेवा शुल्क :** यसको दररेटमा कुनै परिवर्तन गरीएको छैन ।

**२०. निवेदन फाराम र दर्ता दस्तुर :** यसको दररेटमा कुनै परिवर्तन गरीएको छैन ।

**२१. घरनक्सा पास दस्तुर :** यसको दररेटमा प्रतिवर्ग फिट रु. १२/- बाट रु. १५/- कायम गरिएको । यसमा लोड वियरिङ घरको दरलाई समेत रु. १०/- बाट रु. १५/- एक रुपमा दिएको छ । लोड वियरिङ घरको संख्या, क्षेत्रफल न्यून रहेको ।

**२२. चारकिल्ला प्रमाणित, आयश्रोत तथा हैसियत प्रमाणित :** यसको दररेटमा कुनै परिवर्तन गरीएको छैन ।

**२३. सिफारीस दस्तुर :** यसको दररेट अधिकांश यथावतै रहे पनि केहीमा परिवर्तन गरिएको छ ।

क) सामान्य सिफारीशमा लाग्ने दस्तुर रु. ३००/- बाट रु. ५००/- बनाईएको ।

ख) घरजग्गा नामसारी दस्तुर रु. ५००/- बाट रु. ७००/- बनाईएको ।

ग) घरबाटो प्रमाणित दस्तुर एकमुष्ठबाट परिवर्तन गरी प्रतिधुरको आधारमा निर्धारण गरिएको ।

१) मुख्य बजार क्षेत्र प्रतिधुर रु. ३००/-

२) साविक धरान न.पा. प्रतिधुर रु. २००/-

३) पाँचकन्या र विष्णुपादुका समतल क्षेत्र प्रतिधुर रु. १००/-

४) पाँचकन्या र विष्णुपादुका पहाडी क्षेत्र प्रतिधुर रु. ५०/-

५) न्यूनतम् जग्गाको क्षेत्रफल १ कट्ठा मानिएको र सो भन्दा बढिको हकमा स्वामित्व परिवर्तन हुने क्षेत्रफलको मात्र दस्तुर लाग्ने । सानो टुक्रा जग्गाको हकमा विगतको भन्दा दस्तुर घटाएको अवस्था ।

६) बैंक प्रयोजनको लागि बाटो प्रमाणित रु. २०००/-

७) संघसंस्था नविकरण सिफारीश शुल्क रु. १०००/- बाट रु. २०००/- कायम गरिएको ।

८) देहायका दस्तुरहरु घटाईएको छ ।

क) धर्मपुत्र, धर्मपुत्री सिफारीश रु. १०००/- बाट रु. ५००/-

ख) हकवाला संरक्षण सिफारीश रु. ५००/- बाट रु. ३००/-

९) देहाय बमोजिमका सिफारीशहरु निःशुल्क गरिएको छ-

क) कानून अनुसार तोकिएको म्यादभित्र दर्ता हुन आउने जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र वसाई सराईको दर्ता शुल्क निःशुल्क

ख) सामाजिक सुरक्षा अन्तरगत हुने सबै किसिमका सिफारीशहरु निःशुल्क गरिएको छ ।

ग) अपाङ्गता भएकालाई गरिने सम्बन्धित सिफारीशमा निःशुल्क गरिएको छ ।

घ) विपद वा भवितव्य भई घर वा व्यवसाय क्षति भएमा घरको हकमा ३ वर्षको सम्पत्ती कर र घरनक्सा पास दस्तुरमा ४० प्रतिशत छुट दिईएको छ । व्यवसायको हकमा २ वर्षको व्यवसाय कर छुट दिईएको छ ।

**२४. नाता प्रमाणित दस्तुर :** मृतकसंग नाता प्रमाणित हुनेको हकमा रु. ३००/- बाट रु. ५००/- र अन्यको हकमा रु. ५००/- बाट रु. ७००/- कायम गरिएको ।

**२५. सडक बत्ती मर्मत सेवा शुल्क :** यसको दररेटमा कुनै परिवर्तन गरीएको छैन

**२६. बारुणयन्त्र मर्मत सेवा शुल्क :** यसको दररेटमा कुनै परिवर्तन गरीएको छैन २८-३५ क्रम सकेको ।

आदरणीय पत्रकार मित्रहरु,

यस उपमहानगरपालिकाले कार्यालयमा ज्ञापन पत्र प्रदान गर्नु हुने सम्बन्धित पक्षहरुसंग छलफल निरन्तर जारी रहेको र उपमहानगरपालिकाको निर्णयबाट कुनै करदातालाई अस्वाभाविक रुपमा अत्याधिक कर, शुल्क तथा दस्तुरकको भार पर्न गई बुझाउन नै नसक्ने गरी बृद्धि भएको भएमा उपमहानगरपालिकाले त्यस्ता विषयलाई गम्भिर रुपमा लिने र उचित सम्बोधन हुने नै हुंदा यस सम्बन्धमा समेत जानकारी गराउँदै सम्बन्धित पक्षलाई आन्दोलन लगायतका विविध कार्यक्रमहरु स्थगन गर्नु हुन आह्वान गर्दै यस उपमहानगरपालिकाले गरेका कार्यक्रमहरुमा विभिन्न क्षेत्रबाट सल्लाह, सहयोग र योगदान गर्दै हौसल्ला प्रदान गर्नु हुने सम्पूर्ण राजनीतिक दल, सामाजिक संघसंस्था, पत्रकार, नागरीक समाज लगायत धरानवासी सम्पूर्णमा साथ र सहयोगको लागि हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

..................................
मञ्जु भण्डारी (सुवेदी)
कार्यवाहक नगर प्रमुख

मिति : २०७५ भाद्र ११ दिउशो १:३० बजे
स्थान : धरान उपमहानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय